सिद्धार्थनगर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ५ संख्या : २० मितिः आषाढ २३ गते, २०७८

## भाग- २

**मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति (गठन तथा परिचालन) कार्यविधि २०७७**
**नगर कार्यपालिकाबाट स्वीकृत मिति २०७७/०८/१७**

**प्रस्तावना**

नेपालको संविधानको भाग ३ को धारा २९ मा उल्लेखित शोषणविरुद्धको हकको उपधारा ३ मा कसैलाई पनि बेचबिखन गर्न, दास वा बाधा बनाउन पाइने छैन र कसैलाई पनि निजको इच्छा विपरीत काममा लगाउन पाइने छैन भनी स्पष्ट उल्लेख गरिएको छ । स्थानीय तहको सञ्चालन र व्यवस्थापनका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ रहेको छ । सो ऐनको धारा १४ मा स्थानीय सरकारले विभिन्न विषयगत समिति उपसमितिहरूको गठन गर्न सक्ने व्यवस्था छ । संविधान र ऐनले गरेको मार्गदर्शन बमोजिम सिद्धार्थनगर नगरपालिकाद्वारा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र सिद्धार्थनगर नगरपालिकाको प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ दिएको अधिकार प्रयोग गरी मानव बेचविखन तथा ओसारपसार विरुद्ध नगरपालिका र वडास्तरका समितिहरूको गठन प्रक्रियाका लागि सिद्धार्थनगर नगरपालिकाको मिति २०७७८।१७ को कार्यपालिकाको बैठकले यो कार्यविधि स्वीकृत गरी लागु गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**
   (क) यस कार्यविधिलाई सिद्धार्थनगर नगरपालिकाको **मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति (गठन तथा परिचालन)** कार्य**विधि, २०७७** भनिनेछ ।
   (ख) यो कार्यविधि सिद्धार्थनगर नगरपालिकाको कार्यपालिका बैठकबाट स्वीकृत भएर स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात् लागु हुनेछ ।

२. **परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,
   (क) **कार्यविधि** भन्नाले सिद्धार्थनगर नगरपालिकाको **मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति (गठन तथा परिचालन)** कार्य**विधि २०७७** लाई सम्झनु पर्दछ ।
   (ख) **कार्यपालिका** भन्नाले सिद्धार्थनगर नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।
   (ग) नगरस्तरीय समिति भन्नाले दफा ३ बमोजिम गठित समिति सम्झनु पर्दछ ।
   (घ) वडास्तरीय समिति भन्नाले दफा ५ बमोजिम गठित समिति सम्झनु पर्दछ ।



सिद्धार्थनगर नगरपालिका

## ३. नगरस्तरीय मानव बेचबिखनविरुद्धको समितिको गठन

देहाय बमोजिम नगरस्तरीय मानव बेचबिखन विरुद्धको समिति गठन हुनेछः

| | |
|---|---|
| संयोजक | नगर प्रमुख |
| सदस्य | नगर उपप्रमुख एवं न्यायिक समितिको संयोजक |
| सदस्य | प्रमुख प्रशासकीय अधिकृत |
| सदस्य | प्रमुख सामाजिक विकास समिति |
| सदस्य | प्रमुख, शिक्षा शाखा/महाशाखा |
| सदस्य | प्रमुख, स्वास्थ्य शाखा |
| सदस्य | प्रमुख, स्थानीय प्रहरी कार्यालय |
| ससदस्य | बाल संजालको नगर संयोजक |
| सदस्य | संयोजक, रोजगार सेवा तथा सुचना केन्द्र |
| सदस्य | स्थानीय तहमा सम्बन्धित क्षेत्रमा क्रियाशील संघ संस्थाका प्रतिनिधि १ जना |
| सदस्य | मानव बेचबिखन तथा ओसारपसार पीडित व्यक्तिहरू मध्येबाट नगरपालिकाले मनोनीत गरेको एक जना सदस्य (उपलब्ध भएसम्म) |
| सदस्य सचिव | शाखा प्रमुख, महिला बालबालिका तथा सामाजिक विकास शाखा |

समितिले आफ्नो कार्यविधी आफै तय गर्नेछ। आवश्यकतानुसार अन्य व्यक्तिहरुलाई आमन्त्रण गर्न सक्नेछ।

## ४. नगरपालिका स्तरीय मानव बेचबिखन विरुद्धको समितिको काम, कर्तव्य र अधिकार

नगरस्तरीय मानव बेचबिखन विरुद्धको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

१) मानव बेचबिखन तथा ओसारपसार विरुद्ध नगरस्तरीय अभियान तथा कार्यक्रमहरू सञ्चालन गर्ने,
२) मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित स्थानीय तहमा लगत तथा अभिलेख अद्यावधिक गर्ने,
३) पीडित सहायताका लागि आवश्यक अन्तर्निकाय तथा अन्तरस्थानीय तह समन्वय तथा सिफारिस गर्ने,
४) स्थानीय स्तरमा पीडित सहायता तथा मानव बेचबिखनविरुद्धका कार्यक्रमहरू सञ्चालन गर्न मानव बेचबिखनविरुद्धको कोष स्थापना र सञ्चालन गर्ने,
५) स्थानीय तहमा सभा सदस्य तथा सरोकारवालाहरूमाझ मानव बेचबिखनका विविध विषयमा प्रशिक्षण तथा क्षमता विकास गोष्ठी सञ्चालन गर्ने,
६) स्थानीय स्तरका कार्यक्रमहरू सञ्चालन गर्न अन्य सरकारी निकाय, गैसस तथा निजि क्षेत्रसँग सहकार्य र समन्वय गर्ने,
७) प्रत्येक वडामा वडा अध्यक्ष वा तोकिएको सदस्यको संयोजकत्वमा मानव बेचबिखनविरुद्धको वडास्तरीय समिति गठन र परिचालन तथा सबलीकरण गर्ने,

८) पालिकास्तरीय समितिको बैठक बार्षिक न्यूनतम चौमासिक रुपम तीन पटक र आवश्यकता अनुसार सोभन्दा बढी पनि बस्न सक्नेछ ।

९) पालिकामा रहेका रोजगार प्रवर्द्धन, महिला विकास, बालअधिकार प्रवर्द्धन, कृषि विकास, पशु विकास वा यस्तै समुदायमा केन्द्रित कार्यक्रमहरूलाई पीडित तथा जोखिम क्षेत्रका बासिन्दाहरूलाई लक्षित गरी सञ्चालनका लागि सिफारिस गर्ने ।

## ५. ***वडास्तरीय मानव बेचबिखनविरुद्धको समिति***

वडास्तरीय मानव बेचबिखन विद्धको समिति देहाय बमोजिम गठन हुनेछः

| | |
|---|---|
| संयोजक | वडा अध्यक्ष वा निजले तोकेको व्यक्ति |
| सदस्य | महिला समस्य, वडा समिती |
| सदस्य | दलित महिला सदस्य |
| सदस्य | शाखा प्रमुख, महिला बालबालिका तथा सामाजिक विकाससँग सम्बन्धित शाखा |
| सदस्य | बाल क्लबको प्रतिनिधी, एक जना बालक र एक जना बालिका |
| सदस्य | वडाले तोकेको सामुदायिक विद्यालयको प्रधानाध्यापक |
| सदस्य | प्रमुख, स्थानीय स्वास्थ्य सेवा केन्द्र |
| सदस्य | स्थानीय प्रहरी कार्यालय |
| सदस्य | स्थानीय तहमा क्रियाशील संघ संस्थाका प्रतिनिधि १ जना |
| सदस्य | मानव बेचबिखन तथा ओसारपसार पीडित व्यक्तिहरू मध्येबाट सम्बनिधत स्थानीय तहले मनोनीत गरेको एक जना सदस्य (उपलब्ध भएसम्म) |
| सदस्य सचिव | वडा सचिव |

## ६. **वडास्तरीय मानव बेचबिखनविरुद्धको समितिको काम, कर्तव्य र अधिकार**

वडास्तरीय मानव बेचबिखन विरुद्धको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

१) मानव बेचबिखन तथा ओसारपसार विरुद्ध स्थानीय अभियान तथा कार्यक्रमहरू सञ्चालन गर्ने,

२) आफनो कार्यक्षेत्र भित्र पीडित को उद्धार तथा संरक्षणको व्यवस्था गर्दै, पीडित सहायताका लागि आवश्यक अन्तर्निकाय तथा अन्तरस्थानीय तह समन्वय तथा सिफारीसको कार्य गर्ने ।

३) स्थानीय तहमा सभा सदस्य तथा सरोकारवालाहरूमाझ मानव बेचबिखनका विविध विषयमा प्रशिक्षण तथा क्षमता विकास गोष्ठी सञ्चालन गर्ने ।

४) वडास्तरीय समितिको बैठक बार्षिक न्यूनतम तीन पटक र आवश्यकता अनुसार सोभन्दा बढी पनि बस्न सक्नेछ ।

## ७. विविध

१) यस कार्यविधिको व्याख्या गर्ने, संशोधन गर्ने र खारेज गर्ने सम्पूर्ण अधिकार कार्यपालिकामा निहित रहेको छ ।

२) यस कार्यविधिमा उल्लेखित बिषय संघीय सरकार र लुम्बिनी प्रदेश सरकारले बनाएको कानून र अन्य प्रचलितसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

आज्ञाले:
तुल्सीराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

सिद्धार्थनगर नगरपालिका